# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या १ मिति २०८२।०२।१३

भाग २

शारदा नगरपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

**बसपार्क व्यवस्थापन कार्यविधि, २०८२**

**शारदा नगरपालिका**

**बसपार्क व्यवस्थापन कार्यविधि, २०८२**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/१०

प्रमाणीकरण मितिः२०८२/०२/१३

प्रथम संसोधन मितिः२०८२/०६/३०

शारदा नगरपालिका सल्यानको स्वामित्वमा रहेको नवनिर्मित आधुनिक बसपार्कलाई व्यवस्थित ढंगबाट सञ्चालन तथा व्यवस्थापन गरी नगर तथा जिल्ला बाहिर जाने बसहरुको पार्किङ्ग व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा ७ तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८० को दफा ४ बमोजिम शारदा नगरपालिका सल्यानको मिति २०८२।०२।१० गतेको कार्यपालिका बैठकले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बसपार्क व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि शारदा राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुने छ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "बसपार्क" भन्नाले शारदा नगरपालिकाद्वारा निर्मित शारदा नगरपालिका वडा नं. १ मा रहेको श्रीनगर बसपार्क सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले दफा (४) बमोजिम गठित बसपार्क व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले शारदा नगरपालिका सल्यानको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले शारदा नगरकार्यपालिकाको कार्यालय सल्यानलाई सम्झनु पर्छछ।

(ङ) "लामो दुरीका बस" भन्नाले सल्यान जिल्लाभन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा ४ घण्टाभन्दा बढी यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ।

(च) "छोटो दुरीका बस" भन्नाले सल्यान जिल्लासहित बाहिरी जिल्लाका विभिन्न स्थानमा ४ घण्टाभन्दा कम यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ।

(छ) "ठेकेदार" नगरपालिकासँग सम्झौता गरी सञ्चालन/व्यवस्थापनको जिम्मा लिएको व्यक्ति वा प्रचलित कानून बमोजिम दर्ता भएको फर्म/कम्पनी/संस्थाको प्रोपराइटरर वा प्रमुख व्यक्ति सम्झनु पर्दछ।



*प्रथम संसोधनबाट थप

## परिच्छेद-२

## उद्देश्य

**३. कार्यविधिको उद्देश्य:** (१) यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

(ख) बसपार्कलाई सही ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको सौन्दर्य वृद्धिमा सहयोग गर्ने ।

(ग) यात्रुबाहक सवारी साधनहरुको समुचित व्यवस्थापन गर्न ।

(घ) नगरपालिकाको आय आर्जनमा सहयोग पुर्याउने ।

## परिच्छेद-३

## बसपार्क व्यवस्थापन समिति

४. बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह, सुझाव तथा नियमन गर्न देहाय अनुसारको बसपार्क व्यवस्थापन समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | नगर उप-प्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | बसपार्क रहेको वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) | सल्यान उद्योग वाणिज्य संघ | सदस्य |
| (च) | सञ्चालनमा रहेका सबै भन्दा ठूलो यातायात व्यवसायी संघ | सदस्य |
| (छ) | बसपार्क व्यवस्थापन हेर्ने सम्बन्धित शाखाको अधिकृत | सदस्य सचिव |

समितिको बैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा अधिकृत प्रतिधिहरुलाई आमन्त्रित सदस्यका रुपमा आवश्यक्ता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

५. बसपार्क व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) बसपार्क व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सल्लाह सुझाव दिने ।

(ख) बसपार्कको काउण्टर तथा बसको पार्किङ्ग व्यवस्थापन मिलाउने ।

(ग) बसपार्कभित्र रहने टिकट काउण्टरहरु राख्ने स्थान तोक्ने ।

(घ) बसपार्कको नियम पालना गर्न लगाउने तथा नियम विपरित कार्य गर्नेलाई कार्वाही गर्ने ।

(ङ) बसपार्कभित्रका सेडहरुको भाडा दर तथा टेण्डर प्रक्रियाको विषय कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(च) बसपार्कमा हुन सक्ने विवादको सामाधान गर्ने ।

(छ) बसपार्क निरीक्षक तोक्ने ।

(ज) बसपार्क व्यवस्थापन सम्बन्धमा अन्य कार्यहरु गर्ने ।



*प्रथम संसोधनबाट थप

(झ) समितिलाई कुनै विषयमा विशेषज्ञ परामर्श आवश्यक परेमा समितिका पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरी विशेष कार्यदल गठन गरी बसपार्क व्यवस्थापनका लागि परामर्श लिन सक्नेछ।

## परिच्छेद-४

## बसपार्कबाट लिइने सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था

**६.** बसपार्कभित्र लिइने सेवा शुल्क तथा वहाल रकम देहाय बमोजिम हुनेछ :

(क) कोठा वा सेड भाडाः बसपार्कको गुरुयोजना अनुसारका तोकिएका कोठा एवं सेड * …… बाट तोकिए बमोजिमको वहाल रकम लिने गरि सम्पूर्ण कोठा वा सेडलाई एकमुष्ट भाडा दिई वहाल रकम असूल गर्ने व्यवस्था मिलाईने छ। यसरी एकमुष्ट वहालमा लिने व्यक्ति वा फर्म वा कम्पनी वा संस्थाले अन्य व्यक्ति वा फर्म वा कम्पनी वा संस्थालाई तोकिए बमोजिमको शर्तका पालना गर्ने गरि भाडामा लगाउन सक्नेछ तर यसरी भाडामा दिंदा दफा (७) बमोजिमको प्रकृया अवलम्बन गरिनेछ।

(ख) बसपार्क प्रवेश शुल्कः बसपार्कभित्र प्रवेश गर्ने सबै बसहरुबाट तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ। बसपार्क प्रवेश नगरी जाने बसहरुलाई तोकिए बमोजिम जरिवाना गरिनेछ।

(ग) बस पार्किङ्ग शुल्कः बसपार्कमा पार्किङ्ग भै रात विताउने बसहरुबाट तोकिए बमोजिमको पार्किङ्ग शुल्क असूल गरिनेछ।

(घ) शौचालय सेवा शुल्कः बसपार्कभित्र रहेको शौचालय प्रयोग गरे वापत तोकिए बमोजिमको सेवा शुल्क असूल गरिनेछ तर यस प्रकारको सेवा शुल्क बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुबाट असूल गरिने छैन।

(ङ) विज्ञापन शुल्कः बसपार्कमा रहेका कोठा तथा सेडको व्यवसाय तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरि नगरपालिकाले तोके बमोजिमको विज्ञापन शुल्क लिने गरि सम्बन्धित फर्मलाई विज्ञापन राख्ने ठाउं उपलब्ध गराउन सक्नेछ।

(च) अन्य शुल्क : समितिले सिफारिस गरी कार्यपालिकाबाट निर्णय भई नगर सभाबाट स्वीकृत भए बमोजिमका अन्य शुल्क लिन सक्नेछ।

(छ) * टिकट काउन्टर शुल्कः आर्थिक ऐनमा तोकिएको दरमा टिकट काउन्टर शुल्क कायम हुनेछ।

**७.** दफा (६) बमोजिमका वहाल तथा सेवा शुल्कमध्ये दफा ६ (ङ) बाहेकका सबै वहाल तथा सेवा शुल्क असूलीका लागि नगरपालिकाले देहायको प्रकृया अवलम्बन गरि एक पटकमा बढीमा ५ वर्ष नबढ्ने गरि ठेक्का बन्दोवस्त गर्नेछ :

(क) बसपार्कभित्र रहेका सेडहरुमध्ये **अनुसूची १** मा तोकिए बमोजिमका सेडहरुको नक्सामा उल्लेखित कोठा वा सेडमा राखिने **अनुसूची २** बमोजिमको व्यवसाय वा सेवाका आधारमा कोठा वा सेड नम्बरको भाडा रकम समितिले तोकि राजश्व परामर्श समिति मार्फत कार्यपालिका समक्ष सिफारिस गर्नेछ। समितिले भाडा दर सिफारिस गर्दा देहायका आधारमा न्यूनतम् भाडा दर कायम गर्नेछ :

(अ) कोठाको क्षेत्रफल

(आ) टिकट काउण्टर, गेट जस्ता बढि मानिसको चहलपहल हुने स्थान।

(इ) व्यवसायिक कोठा भाडाको चलनचल्ती दर।



*प्रथम संसोधनबाट थप

पुनश्चः यसरी भाडा दर तोक्दा बसपार्क स्थललाई तत्कालीन समयमा खाली गराउँदा नगरपालिकामा अभिलेख भएका विस्थापित विपन्न तथा असहाय वर्गका परिवारका सदस्यहरुलाई एक परिवार एक कोठा वा सेड हुने गरी तोकिएको दररेटमा १५ प्रतिशतले बढीमा ४ वर्षका लागि सहुलियत दरमा भाडामा लिन पाउनेछन् । *यस्तो दररेट नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गरी ठेक्का बन्दोबस्त गर्दा ठेकेदारले कबोल गरेको अंकमा १५ % छुट हुनेछ । तर प्रचलित कानून बमोजिम लाग्ने कर र ठेकेदारको कमिसन रकम थप जोडिने छ ।

(ख) बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्कको दर **अनुसूची ३** लाई आधार मानी वार्षिक रुपमा उठ्न सक्ने रकमको एकिन समितिले गरि कार्यपालिका समक्ष पेश गर्नेछ ।

(ग) माथि (क) र (ख) बमोजिम कोठाभाडा र प्रवेश, पार्किङ्ग, शौचालय सेवा शुल्कबाट वार्षिक उठ्न सक्ने रकमका आधारमा नगरपालिकाले तोके बमोजिमको शर्त राखि बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि नियमानुसार खुल्ला बोल पत्र (ठेक्का) आव्हान गर्नेछ ।

(घ) ठेक्का वन्दोवस्ती प्रकृया देहाय अनुसार हुनेछ :

१) सटर तथा पसल कबलहरु भाडामा लगाउने, सरसफाई र सुरक्षाको जिम्मा लिने गरी कम्तीमा तीस दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी बोलपत्र आव्हान गरिनेछ । बोलपत्र कागजात खरिद गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके बमोजिमको बोलपत्र दस्तुर वुझाउनु पर्नेछ ।

२) ठेकेदारको योग्यता: फर्मको उद्देश्यमा सरकारी ठेक्कापट्टामा भाग लिने भएको हुनुपर्ने छ ।

३) ठेकेदारले पसल कबोल कर्ताहरु, अन्य व्यक्ति वा फर्मलाई भाडामा लगाउँदा ठेक्काबाट स्वीकृत भई सम्झौता भएको कुल राजश्व रकममा तिस (३०) प्रतिशत भन्दा बढि नहुने गरी (सुरक्षा, सरसफाई लगायतका व्यवस्था गरे वापत) रकम लिन सक्नेछ । *भाडावालाले प्रयोग गरेको पानी तथा बिजुलीको शुल्क भालावालले आफै तिर्नु पर्नेछ ।

४) पसल तथा वस्तु र सेवाको मुल्य सम्बन्धमा : सटर भाडा रकम बढिमा लिएको वा अन्य जुनसुकै पनि कारण देखाई बसपार्क भित्रबाट बिक्रि हुने वस्तु तथा सेवाको मुल्यमा वृद्धि गर्न पाईने छैन । कुनै पनि वस्तु अधिकतम खुद्रा मुल्यभन्दा बढिमा बिक्रि गर्न पाईने छैन। अधिकतम खुद्रा मूल्य उल्लेख नहुने वस्तु तथा सेवाको सबैले स्पष्ट देख्ने गरी मुल्यू सूची टाँस गर्नुपर्नेछ ।

५) वस्तु तथा सेवाको गुणस्तर मूल्य लगायतका विषयमा नगरपालिकाले मासिक रुपमा अनुगमन गर्नेछ। मापदण्ड विपरित पाईएमा तत्काल कारवाही गरिनेछ ।

(ङ) बोलपत्रको मूल्यांकन अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राहीलाई स्वीकृत गर्ने गरी सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

८. बोलपत्र पेश गर्दा सूचनामा उल्लेख भए अनुसारको धरौटी राखेको नगदि रसिद वा बैंक भौचर अनिवार्य पेश गर्नुपर्ने छ ।



*प्रथम संसोधनबाट थप

९. स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नुपूर्व न्यूनतम छ महिनाको भाडा रकम बराबर हुन आउने नगद धरौटी र सम्झौता अवधि भरको भाडाको १० प्रतिशत बैंक जमानत वा नगद थप धरौटी वापत नगरपालिकामा पेश गर्नुपर्ने छ। *यसरी बैंक जमानत पेश गरेमा प्रत्येक आर्थिक वर्ष सकिनु १ महिना अगाडि राजश्व रकम जम्मा गरिसक्नु पर्नेछ।

१०. यस परिच्छेदमा जुनसुकै कुरा उल्लेख भए तापनि कार्यपालिकाबाट स्वीकृत भाडा दर तथा यस कार्यविधिमा उल्लेखित विभिन्न सेवा शुल्क दरलाई आधार मानि विशेष परिस्थितिमा नगरपालिकाले कार्यपालिकाको सहमतिमा छुट्टै कर्मचारी राखि बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-५

## टिकट काउण्टर व्यवस्थापन

**११. टिकट काउण्टर वितरण विधिः** (१) ठेक्का वा अमानतबाट बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्दा विभिन्न यातायात कम्पनीलाई टिकट काउण्टर उपलब्ध गराउँदा देहायबमोजिम गरिने छ :

(क) सल्यानमा प्रधान कार्यालय हुने यातायात व्यवसायी संस्थाहरुलाई आफ्नो संस्थाको सम्पूर्ण कागजातको प्रतिलिपी सहित गाडी संख्या र रुट परमिटको प्रमाण र नगरपालिकामा व्यवसाय दर्ता गरेका प्रमाण समेत सलग्न राखी सूची दर्ता गर्ने।

(ख) व्यवसाय दर्ता हुन आएका कम्पनीहरुलाई बसपार्क टर्मिनलको टिकट काउण्टर कम्तीमा १ वटा मात्र आपसी समझदारीमा वितरण हुने व्यवस्था मिलाउने। त्यसो हुन नसकेमा *नगरपालिकाको रोहवरमा ठेकेदारले गोला प्रथाद्वारा टिकट काउन्टर वितरण गर्ने। व्यवसाय दर्ताको रुपमा अनुसूची ४ बमोजिम शुल्क लिने।

(ग) यसरी वितरण पश्चात गाडी संख्या ५० भन्दा माथि र रुट संख्या प्रदेश बाहिर समेत गरी १० भन्दा बढि हुने कम्पनीलाई आफैले संरचना निर्माण गर्ने गरी व्यवसायीको सहमति वा गोलाप्रथाबाट थप काउन्टर दिने।

(घ) बसपार्क सञ्चालन भए पश्चात काउन्टर माग गर्ने यातायात कम्पनीलाई बसपार्कमा टिकट काउण्टर दिन नगरपालिका बाध्य हुने छैन र बसपार्क भन्दा बाहिर कुनै काउन्टर सञ्चालन गर्न पाइने छैन। तर यस जिल्लामा यातायात व्यवसायीका रुपमा दर्ता नभएका र यसै रुट भई सञ्चालनमा रहेका यातायात व्यवसायी समितिका बसहरु पार्किङ तथा यात्रु ओराल्ने र चढाउने कार्य भने नियमानुसार शुल्क बुझाइ गर्न गराउन भने बाधा पर्ने छैन।

## परिच्छेद-६

## बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु :

१२. बसपार्क सञ्चालन गर्ने जिम्मा लिने व्यवस्थापक तथा सोको प्रयोगकर्ताले देहायका शर्तहरु पालना गर्नुपर्नेछ :

(क) बस व्यवसायी, चालक तथा कर्मचारीहरुले :

१) लामो दुरीका ठूला बस छुट्नु भन्दा बढीमा १ घण्टा पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले १ घण्टाभित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्नेछ।



*प्रथम संसोधनबाट थप

२) लामो दुरीका साना बस र छोटो दुरीका बसहरु छुट्नभन्दा बढीमा ३० मिनेट पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले ३० मिनेट भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्ने छ ।

३) बस व्यवसायी, चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्ने छ।

४) तोकिएको समय र स्थानमा गर्नु भनि तोकिएका कामहरु गर्नुपर्नेछ ।

५) तोकिएको स्थान बाहेक अरुलाई असर पर्ने गरी धुम्रपान, मध्यपान गरी जथाभावी थुक्न, बोल्न र व्यवहार गर्न पाइने छैन ।

६) चालकले बस जुनसुकै स्थानमा पार्किङ्ग गर्न, रोक्न वा हर्न बजाउन पाईने छैन ।

७) कर्मचारीहरुले जथाभावी रुपमा यात्रुलाई अमर्यादित व्यवहार गर्ने, सवारीको लागि तान्ने, धकेल्ने वा अन्य किसिमले दुर्व्यवहार गर्न पाइने छैन ।

८) बस व्यवसायी वा चालकले गाडि मर्मत गराउँदा जथाभावी गराउन पाईने छैन तोकिएको स्थानमा तोकिएको दस्तुर तिरेर मात्र गराउनु पर्नेछ ।

९) बसपार्कभित्रको आचारसंहिता पालना गर्ने वा गराउने, सरसफाई गर्ने वा गराउने दायित्व समेत बहन गर्नुपर्नेछ ।

१०) तोकिएको समयभन्दा बढी समय बसपार्कमा बस पार्किङ्ग गर्न पाइने छैन ।

११) चालक, सहचालक र परिचालक तथा टिकट काउन्टर कलर्कले तोकिएको पोषाक अनिवार्य प्रयोग गर्नुपर्नेछ ।

(ख) सेवाग्राहीहरुले :

१) सेवाग्राहीले तोकिएको स्थानमा गई टिकट लिनुपर्नेछ ।

२) टिकटमा उल्लेखित सिटमा मात्र बस्नुपर्ने छ ।

३) बस व्यवसायी, चालक र कर्मचारीसँग मर्यादित व्यवहार गर्नुपर्ने छ ।

४) धुम्रपान, मध्यपान गरि अरुलाई समेत असर पर्ने गरि व्यवहार गर्न पाईने छैन ।सभ्य यात्रुको परिचय दिने दायित्व समेत सेवाग्राहीको हुनेछ ।

५) आफ्नो कारणले सृजित फोहरमैलालाई जथाभावी फाल्न पाइने छैन तोकिएको स्थानमा वा स्वयं आफैले विसर्जन गर्नुपर्ने छ ।

(ग) सेडमा व्यवसाय गर्ने व्यवसायीहरुले :

१) प्रचलित कानूनले तोकेको मापदण्डभित्र रही उद्योग, फर्म, व्यापार व्यवसाय वा अन्य कुनै सेवा सञ्चालन गर्नुपर्नेछ ।



*प्रथम संसोधनबाट थप

२) प्रचलित कानूनले निषेध गरेका वस्तुको विक्रि वितरण तथा मदिराजन्य व्यवसाय गर्न पाइने छैन।

३) तोकिएको सेवा वा वस्तुमा गुणस्तरीयता कायम भएको हुनुपर्नेछ।

४) व्यवसाय सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा नगरपालिकाको स्वीकृती लिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ।।

५) सेवा वस्तुको कारोबार गर्दा प्रचलित कानून बमोजिम दर्ता स्वीकृती लिनुपर्ने भए लिएको प्रमाण लिई जुनसुकै समयमा पनि अनिवार्य उपलब्ध हुने गरि राख्नुपर्नेछ।

६) बसपार्क क्षेत्रभित्र वस्तुको व्यापार वा व्यवसाय गर्दा तोकिएको स्थानमा बाहेक अन्यत्र सेवा सञ्चालन वा वस्तु विक्रि वितरण गर्न पाईने छैन।

७) सरसफाई र स्वच्छता कायम गर्नका लागि आफनो अगाडिको वा क्षेत्रभित्रको सफाई गर्ने जिम्मेवारी व्यवसायीको हुनेछ। पसल अगाडि अनिवार्य फोहर व्यवस्थापन भाँडो (डस्टविन) राख्नुपर्ने छ।

८) नगरपालिकाको अनुमति नलिई सेड वा संरचनामा थप संरचना थप्न वा गाँस्न पाईने छैन।

९) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज पुर्‍याउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सृजना गर्न पाईने छैन।

१०) अत्यावश्यक वस्तु वा सेवाको सूची र मूल्य निर्धारण गरी सूचना टाँस गर्नुपर्नेछ।

११) स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी ऐन, २०७६ तथा शारदा नगरपालिका बजार अनुगमन निर्देशिकाको पूर्ण पालना गर्नुपर्नेछ।

(घ) ठेकेदार व्यवसायी वा व्यवस्थापकले :

१) नगरपालिकासँगको सम्झौता अनुसार तोकिएको सम्पूर्ण कामहरु गर्नुपर्नेछ।

२) प्रत्येक थप एक वर्ष सम्झौता बमोजिमको रकम वृद्धि गरी भाडा रकम नगरपालिकालाई भुक्तान दिनुपर्नेछ।

३) कुनै कारणवश बसपार्क व्यवस्थापनको सम्झौता तोड्न चाहेमा कम्तिमा ६ महिना अगाडि नगरपालिकालाई सूचना दिनुपर्ने छ।

४) नगरपालिकालाई बुझाउनुपर्ने दायित्व तोकिएको समयमा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

५) बसपार्क भित्रका बत्ती, पानी, शौचालय, टेलिफोन लगायतका सम्झौता बमोजिमको काम भए नभएको अनुगमन गर्ने र नभएको पाईएमा तत्काल गर्न लगाउनु पर्नेछ।

६) बसपार्क व्यवस्थापनमा देखिएका विवादको निरुपण गर्नु पर्नेछ।

(ङ) नगरपालिकाले:



*प्रथम संसोधनबाट थप

१) सम्झौतामा उल्लेखित शर्त पालना नगरेका कारणले नगरपालिकाले बीचमा नै सम्झौता तोड्नु पर्ने देखेमा ३ महिनाको म्याद दिई सम्झौता भंग गर्न सक्नेछ तर यसरी सम्झौता तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई सफाई पेश गर्ने मौका दिइने छ ।

२) नगरपालिकाले लिजमा दिने प्रयोजनका लागि कार्यविवरण (ToR) तयार गर्ने, सूचना प्रकाशन गर्ने, छनौट गर्ने र नियमानुसार सम्झौता गर्नु पर्नेछ ।

३) बसपार्क भित्रको क्षेत्रमा वस्तु वा सेवा क्षेत्र निर्धारण गर्ने र आवश्यकतानुसार सेवा सञ्चालन वा विक्रि कक्षको लागि स्थान उपलब्ध गराउनु पर्नेछ।

४) सम्झौता तथा प्रचलित मापदण्ड अनुसार सम्बन्धित पक्षहरुले जिम्मेवारी पुरा गरे वा नगरेको सो सम्बन्धमा नियमन गर्नु पर्नेछ ।

५) विद्युत, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटोघाटो ट्राफिक व्यवस्थापनका लागि सहजिकरण गर्नु पर्नेछ ।

६) स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक भूमिका निर्वाह गर्ने गराउनु पर्नेछ ।

७) आवश्यकता अनुसार छडके वा प्रत्यक्ष निरीक्षण गरी कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद-७

## कारवाही

**१३. नियम पालना नगर्ने उपर गरिने कारर्वाहीः** (१) बसपार्क भित्रका लागि तोकिएका नियम पालना नगरेको पाईएमा नगरपालिकाबाट तोकिएको निरीक्षक वा ट्राफिक प्रहरीले देहाय बमोजिमको कारवाही गर्नेछः

(क) तोकिएको स्थानमा पार्किङ्ग नगरेमा, तोकिएको समयभन्दा बढी समय बस पार्किङ्ग गरेमा, बसपार्कभित्र पालना गर्नुपर्ने ट्राफिक नियम पालना नगरेमा प्रथम पटकका लागि रु. १०००।- (एक हजार मात्र) सम्म जरिवाना र सोही कसुर दोहोऱ्याएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(ख) मापदण्ड विपरित हर्न बजाउने, यात्रु तानातान गर्नेजस्ता यात्रुमैत्री व्यवहार नगरेमा रु. ५००।- (पाँच सय सम्म जरिवाना गर्नेछ ।

(ग) बसपार्क प्रवेश नगरी आवत जावत गर्ने यात्रुबाहक सवारी साधनलाई प्रथम पटकका लागि रु. १०००।- (एक हजार मात्र) सम्म जरिवाना र सोही कसुर दोहोऱ्याएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(२) दफा (१२) को (ग) बमोजिम बसपार्कमा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने नियम पालना नगरेको पाईएमा नगरपालिकाबाट तोकिएको निरीक्षकले उक्त व्यवसायीलाई प्रथम पटक रु. ५०००।- (पांचहजार) सम्म जरिवाना र दोश्रो पटक सोही गल्ती दोहोऱ्याएमा सो को दोब्बर जरिवाना र तेश्रो पटक पनि सो गल्ती दोहोऱ्याएमा कोठा वा सेडबाट निजलाई निष्कासन



*प्रथम संसोधनबाट थप

गर्न समिति समक्ष पेश गर्नेछ । समितिले निजलाई कोठाबाट निष्कासन गर्ने आदेश दिएमा बसपार्क व्यवस्थापकले उक्त व्यवसायीलाई बसपार्कबाट निष्कासन गर्नु पर्नेछ ।

(३) दफा १२ को (घ) विपरित कार्य गरे गराएमा प्रथम पटक रु. १५०००। दोश्रो पटक सोको दोव्वर र तेश्रो पटक पनि यस प्रकारको गल्ती गरेमा नगरपालिकाले सम्झौता रद्दको प्रकृया अगाडि बढाउनेछ ।

(४) ठेकेदारले जिम्मा लिएको क्षेत्रको कुनै सार्वजनिक सेवा (शौचालय, सरसफाई, सडकबत्ती) गुणस्तरीय नदिएको गुनासो नगरपालिकामा आएमा बसपार्क व्यस्थापन समितिले स्थलगत अनुगमन गरि कसुर अनुसारको जरिवाना वा सुधारका लागि विशेष आदेश दिन सक्नेछ यस प्रकारको आदेश नमानेमा प्रथम पटक रु. ५०००। जरिवाना तत्पश्चात पटकै पिच्छे दोव्वर जरिवाना नगरपालिकाले गर्नेछ । यस प्रकारको जरिवाना सम्बन्धित पक्षले नगद जम्मा नगरेमा बस व्यवस्थापकको धरौटीबाट कट्टा गरिनेछ ।

## परिच्छेद-८

## विविध

**१४.बाधा अड्काउ फुकाउ प्रचलित कानून बमोजिम हुने :**

(१) यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा नगरकार्यपालिकाको निर्णय, क्षेत्रगत नीति तथा कार्यक्रम बमोजिम हुनेछ ।

**१५.**संशोधन **र खारेजी:**

(१) यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।




*प्रथम संसोधनबाट थप

## अनुसूची-१

कार्यविधिको दफा ७ (क) संग सम्बन्धित बसपार्कको कोठा वितरण नक्सा र कोठा नम्बर


FIRST FLOOR PLAN

Shutter Building-1






*प्रथम संसोधनबाट थप




GROUND FLOOR PLAN


Shutter Building-1



*प्रथम संसोधनबाट थप


FIRST FLOOR PLAN

Shutter Building-2





GROUND FLOOR PLAN

Shutter Building-2







*प्रथम संसोधनबाट थप






*प्रथम संसोधनबाट थप






*प्रथम संसोधनबाट थप

## अनुसूची-२

कार्यविधिको दफा ७ (क) संग सम्बन्धित बसपार्कको कोठा वितरण नक्सा अनुसार सेडमा राखिने सेवा तथा व्यवसायको किसिम

**(क)होटेल तथा रेष्टुरेण्ट**
**(ख) फर्निचर तथा फिक्चर्सको सो रुम**
**(ग) मोटरसाइकल सो रुम**
**(घ) इलेक्ट्रोनिक पसल**
**(ङ) मोबाइल पसल**
**(च) कपडा पसल**
**(छ) स्टेशनरी पसल**
**(ज) कार्पेट, पर्दा तथा सिरक डसना पसल**
**(झ) कपाल काट्ने सैलुन**
**(ञ) ब्यूटिपार्लर**
**(ट) फार्मेसी**
**(ठ) कृषि तथा पशु औषधी पसल**
**(ड) कोशेली घर**
**(ढ) बैंक ATM**
**(ण) तरकारी तथा फलफुल पसल**
**(त) चिया तथा चमेना गृह**



*प्रथम संसोधनबाट थप

# **अनुसूची- ३**

कार्यविधिको दफा ७ (ख) संग सम्बन्धित

**(क) बसपार्क प्रवेश शुल्क**

**१.** लामो दुरीमा चल्ने सवारी साधन रु. ४०।-
**२.** मध्यम दुरीमा चल्ने सवारी साधन रु २५।-
**३.** छोटो दुरीमा चल्ने सवारी साधन रु. २०।-
**४.** तिनपांग्रे सवारी साधन रु. १०।–

**(ख) पार्किङ्ग शुल्क (लामो समय)**

**१.** दैनिक रु. ७०।-
**२.** साप्ताहिक रु. ३००।–
**३.** मासिक रु. १०००।–

**(ग) पार्किङ्ग शुल्क (लामो समय)**

**१.** मोटरसाईकल रु ५
**२.** जीप/कार रु १०
**३.** माइक्रो/मिनी रु २०
**४.** ठूला सवारी साधन रु ३०

**(घ) शौचालय सेवा शुल्क**

**१.** दिसा गरेको रु. १०।- (दश)
**२.** पिसाव फेरेको रु. ५।-(पाँच)
**३.** नुहाएको रु. २०।- (बीस)

पुनश्चः माथि उल्लेखित दरहरु नगरपालिकाको आर्थिक ऐन तथा ठेकेदारसंग भएको सम्झौता अनुसार फेर बदल हुन सक्नेछ।



*प्रथम संसोधनबाट थप

## अनुसूची-४

कार्यविधिको दफा ११ (ख) संग सम्बन्धित बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्कको दर

बस व्यवसायी फर्महरूको व्यवसाय कर र बसपार्क सेवा

**प्रयोग सूचीकृत शुल्क :**

**(क) व्यवसाय कर (वार्षिक)**

| | |
|---|---|
| अ. ५० वटासम्म सवारी साधन भएका प्रा.लि. | ५,०००। |
| आ. ५१ वटा भन्दा बढी सवारी साधन भएका प्रा.लि. | ७,५००। |

**आज्ञाले,**
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**



*प्रथम संसोधनबाट थप